जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक १७ | २०८० साल साउन २० गते शनिबार (5 Aug. 2023 Saturday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : यस्तो छ सोह्रौं आवधिक. ३ पृष्ठमा : सार्वजनिक जीवन र आर्थिक ... ३ पृष्ठमा ज़लवायु मुद्दामा चीन गम्भीर...

# आइडियलद्वारा २५ आइडिया सार्वजनिक




**दैनिक समाचारदाता**
**राजविराज, १९ साउन ।**

आईडियल सहकारी संस्था लिमिटेड राजविराजले आफ्नो २५ औं वर्षिकोत्सवको अवसरमा २५ योजना सार्वजनिक गरेको छ ।

संस्थाले शुक्रबार रजत जयन्ति समारोहको अवसरमा २५ योजना कार्यक्रम सार्वजनिक गरेको हो । अभियान अन्तर्गत संस्थाले बाल बचतकर्ताको जन्मदिनको अवसरमा केक उपहार दिने, ६० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिक बचतकर्तालाई न्यूनतम १ लाख भन्दा बढी बचत रकम पुगेमा निःशुल्क तिर्थाटन गराउने, नारी बचत खातामा न्यूनतम मौजदात ५० हजार राख्नेको १ लाखको दुर्घटना बिमा गराउने लगायतका कार्यक्रम समेत समेटेको छ ।

यस्तै आफ्ना ग्राहकका साथै सर्वसाधारणको हितमा श्रावण महिना र तिजका बेला महिलालाई संस्थाको तर्फबाट निःशुल्क मेहन्दी लगाउने व्यवस्था मिलाईने तथा समुदायलाई बाढीबाट जोगाउने उद्देश्यले स्थापना गरिएको पूर्व सूचना प्रणाली केन्द्रलाई ५० हजार रुपैयाँ थप सहयोग उपलब्ध गराउने योजना ल्याएको संस्थाका अध्यक्ष गणेश कुमार आशले जानकारी दिए ।

जलवायु परिवर्तन, रक्तदान, युवा लक्षित विशेष कार्यक्रम, सञ्चार क्षेत्र, स्वास्थ्य, शिक्षा, मैथिली भाषा साहित्यको विकास लगायतका २५ बुँदे कार्यक्रम समेटिएको उनले बताए ।

संस्था २४ वर्ष अघि २०५६ साल १९ साउनमा स्थापना भई सेवाग्राहीलाई निरन्तर उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको बताएका अध्यक्ष आशले संस्थाको सबलता र सक्षमताका कारण गत आर्थिक वर्ष ०७९।८० मा ४ करोड ३५ लाख ७१ हजार ७ सय ११ रुपैयाँ खुद मुनाफा आर्जन गर्न सफल भएको जानकारी समेत दिए । सहकारीताको मुल्य, मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै अघि बढ्दा तथा १४ हजार ४ सय २५ जना सदस्यहरुको विश्वास र कर्मचारीहरुको मिहिनेतकै बलमा यस्तो सफलता मिलेको उनले बताए ।

कुल ११ करोड ३० लाख ४ सय रुपैयाँ शेयर पूँजी रहेको यस संस्थाले आफ्नो सदस्यहरुबाट ८५ करोड ९० लाख ३८ हजार ७ सय ७८ रुपैयाँ निक्षेप संकलन गरेको कार्यक्रममा लेखा सुपरिवेक्षण समितिका संयोजक दिनेश प्रसाद साहले जानकारी दिए । यस्तै संस्थाले १ हजार २ सय ८३ जनालाई ८१ करोड ३६ लाख ७९ हजार ८ सय ५८ रुपैयाँ लगानी गर्दै कुल १ अर्ब २० करोड ३९ लाख ४५ हजार ७ सय २९ रुपैयाँ वासलात रहेको उनले जानकारी दिए ।

रजत जयन्ति समारोहको उद्घाटन गर्दै प्रमुख अतिथि राष्ट्रिय सभाका सदस्य शेखर कुमार सिंहले सहकार्य मार्फत सहकारीको विकास गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा प्रदेश सभा सदस्य सतिश कुमार सिंह, राजबिराज नगरपालिकाका कार्यबाहक नगरप्रमुख ईसरत परविन, संचालक समिति सदस्य शैलेश चौधरी, समाजसेवी ई. ईन्द्र नारायण देव, गैसस महासंघका केन्द्रीय उपाध्यक्ष ध्रुव देव लगायतले शुभकामना दिएका थिए ।

# उम्मेदवारलाई १५ हजार जरिवाना तत्काललाई कार्यान्वयन नगर्न सर्वोच्च अदालतको आदेश

**दैनिक समाचारदाता**
**काठमाडौं, १९ साउन ।**

निर्वाचन खर्च विवरण सार्वजनिक नगर्ने उम्मेदवारलाई १५ हजार जरिवाना गर्ने निर्वाचन आयोगको निर्णय तत्काललाई कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ ।

हाम्रो नेपाली पार्टीको तर्फबाट लौरो चुनाव चिन्ह लिई मोरङ जिल्ला निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्य उम्मेदवार बनेका बिनोदमणि भट्टराईले साउन १५ गते सर्वोच्च अदालतमा आयोगले गरेको कानून विपरीतको निर्णयले आफूलाई अन्याय परेको भन्दै रिट दायर गरेका थिए ।

शुक्रबार उक्त रिटमाथि सुनुवाइमा गर्दै सर्वोच्च अदालतका न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको एकल इजलासले रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म उक्त निर्णय कार्यान्वयन नगराउन आदेश दिएको हो ।

'निर्वाचन आयोगको निर्णयानुसार निवेदकलाई समेत जरिवाना गर्ने गरी सूचना जारी भएको देखिँदा सुविधा र सन्तुलनको दृष्टिबाट रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म निवेदकको हकमा रु १५,०००/- जरिवाना गर्ने गरी भएको उक्त निर्णय कार्यान्वयन नगर्नू/नगराउनू भनी अन्तरिम आदेश जारी गरिदिएको छ', आदेशमा भनिएको छ ।

उक्त निवेदनमा निवेदकको तर्फबाट अधिवक्ता भीमार्जुन आचार्य र अधिवक्ता लबन न्यौपानेले बहस गरेका थिए । गत मंसिर ४ गते भएको प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको खर्च विवरण सार्वजनिक नगरेको भन्दै आयोगले १५ हजार जरिबाना गर्ने निर्णय गरेको थियो ।

आयोगले साउन ९ गते प्रेस विज्ञप्ति जारी गर्दै सार्वजनिक गरेको खर्च विवरणबारे जानकारी नदिएको भन्दै उम्मेदवारहरूको सूची सार्वजनिक गरेको थियो। प्रतिनिधि सभाका १०३७ र प्रदेश सभाका १३९८ जना उम्मेदवारलाई १५ हजार रुपैयाँ जरिवाना गर्ने निर्णय आयोगले गरेको थियो सेतोपाटीले जनाएको छ ।

# मोटरबाट पानी पटाउने क्रममा करेन्ट लागेर महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १९ साउन ।**

खेतमा मोटरबाट पानी पटाउने क्रममा सप्तरीको राजगढ गाउँपालिकामा बिहीबार एक महिलाको करेन्ट लागेर मृत्यु भएको छ ।

वडा नं. ६ फकिरा टोल निवासी ५८ वर्षिया दुर्गी देबी साहको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार खेतमा मोटरबाट पानी पटाउने क्रममा करेन्ट लागेर घाईते भएकी उनलाई उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा लगेकोमा उपचारकै क्रममा मृत्यु भएको हो ।

# झुण्डिएको अवस्थामा एक युवकको शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, १९ साउन ।**

सप्तरीमा शुक्रबार झुण्डिएको अवस्थामा एक युवकको शव फेला परेको छ ।

जिल्लाको रुपनी गाउँपालिका वडा नं. ६ का ३५ वर्षिय कैला सरदारको झुण्डिएको अवस्थामा शव फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार घर भन्दा २ मिटर पश्चिम सिमलको रुखमा झुण्डिएको अवस्था स्थानीयले देखेपछि खबर गरेका थिए ।

घटनाबारे प्रहरी थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# जनमत पार्टीले सरकारलाई दिएको समर्थन निरन्तर रहने

काठमाडौं, १९ साउन (रासस) ।

जनमत पार्टीले सङ्घ र प्रदेश सरकारलाई दिएको समर्थन कायम राख्ने भएको छ । पार्टीको केन्द्रीय समिति बैठकमा अध्यक्ष डा सिके राउतले वर्तमान सरकारलाई निरन्तता दिने निर्णय गर्नुभएको पार्टीका केन्द्रीय प्रवक्ता डा शरद सिंह यादवले बताउनुभयो ।

बैठकले पार्टी सङ्गठनलाई पाँच गुणा ठूलो बनाउने लक्ष्यका साथ 'मिसन-८४' अगाडि बढाउने निर्णय गरेको छ । पार्टीले शुक्रबार स्थानीय जनप्रतिनिधिसम्मिलत पार्टी समन्वय बैठक बोलाएको छ । बैठकमा वडाध्यक्ष, नगर प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष र उपाध्यक्षको सहभागिता रहनेछ ।

विषादीको प्रयोग भएको खाद्यवस्तु, फलफूल एवं तरकारीको उपभोगबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुनसक्ने भएकोले त्यस्ता वस्तुको उपभोगमा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सुपथ मूल्यका पसल हरायो

सरकारी अनुदानमा संचालन भएका सुपथ मूल्यका सहकारी पसलहरु जिल्लामा हराएको छ। उपभोक्ताहरुलाई बजारका अन्य पसलहरुको तुलनामा सस्तो र सुपथ मूल्यमा सामानहरु उपलब्ध गराउन उद्देश्यले जिल्लाभित्र संचालन भएका सुपथ मूल्यका पसलहरु अहिले हराएको छ। सुपथ मुल्यको पसल बारे ग्राहकहरुलाई सूचनाको अभाव वा उनीहरुको वेवास्ताका कारण प्रभावकारी बन्न सकेन्। सरकारको एक लाख रुपैयाँ अनुदान लिएर संचालन भएका सुपथ मुल्यका पसलहरु बजारको अन्य पसलहरुको जस्तै दैनिक उपभोग्य सामग्रीहरु उपभोक्तालाई उपलब्ध गराउन गरेका कारण पनि पसल प्रभावकारी बन्न नसकेको हो। ती पसलहरु प्रभावकारी हुन नसक्दा सरकारको लगानी ती पसलेहरुले देखोदेखी आएर दुरुपयोग गरेका छन्।

चाड पर्वको समयमा सूपथ मूल्य नभएकै कारण उपभोक्ता महँगो मूल्यमा सामान खरीद गर्न बाध्य हन्छन्। सरकारको एक लाख पाएर पनि अधिकांश सहकारी संस्थाले पसल संचालन नै नगरि रकम झ्वाम्म पारेका छन्। यसप्रति सम्बन्धीत निकायको ध्यान जान सकेको छैन्।

तसर्थ सरकारको लगानी डुबेकोप्रति हालका जनप्रतिनिधिहरुले त्यसको खोजबिन गरि सम्बन्धीत पसलेहरुलाई कानुनी दायरामा ल्याउन सक्ने जमर्को कस्नु पर्ने हुन्छ। होइन भने सरकारी लगानी जहिले पनि बालुवामा पानी हारे सरह हुने कुरामा दुई मत नहोला भन्न सकिन्छ।

# यस्तो छ सोह्रौं आवधिक योजनाको अवधारणापत्र

काठमाडौं, १९ साउन (रासस)।

'सुशासन, सामाजिक न्याय र समृद्धि'को सोचसहित सोह्रौं पञ्चवर्षीय आवधिक योजना( २०८१/०८२-२०८५/०८६)को अवधारणापत्र तयार भएको छ। राष्ट्रिय योजना आयोगको यही बुधबार बसेको पूर्ण बैठकले को अवधारणापत्र स्वीकृत पनि गरिसकेको छ।

नयाँ आवधिक योजनाले राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा सुशासन कायम गर्ने उद्देश्य राखेको छ। त्यस्तै, स्वास्थ्य, शिक्षा, रोजगारी र आवासलगायतका क्षेत्रमा सामाजिक न्याय स्थापित गर्नु, सामाजिक जीवन, आर्थिक विकास र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु पनि सोह्रौं योजनाको उद्देश्यमा रहेको छ।

नयाँ आवधिक योजनाले 'विकासका काममा देखिएका संरचनात्मक अवरोधको पहिचान, सम्बोधन र निराकरण गर्दै संरचनात्मक रुपान्तरणमार्फत सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने' रणनीति तय गरेको छ।

"योजना कार्यान्वयन सम्बन्धमा सबै तह र पक्षका सरोकारवाला निकायबीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउने, अध्ययन अनुसन्धान तथा तथ्यमा आधारित रहेर नीति निर्माण एवं विकासका प्रयास गर्ने रणनीति लिइनेछ।" स्वीकृत अवधारणापत्रमा भनिएको छ। त्यस्तै, नयाँ आवधिक योजनाको अवधारणापत्रमा संरचनात्मक रूपमान्तरणका क्षेत्र तथा रणनीति तय गरिएका छन्।

"समग्र आर्थिक आधारको सबलीकरणका लागि प्राथमिक क्षेत्रको सबलीकरण, द्वितीय क्षेत्रको विकास तथा विस्तार र सेवा क्षेत्रको स्थायित्व कायम गरिनेछ", अवधारणापत्रमा भनिएको छ, "राजस्वको आधार र दायरा विस्तार गरी अनुमानयोग्य वित्त प्रणालीको विकास गर्ने, वित्तीय स्रोतलाई उत्पादन र रोजगारी सिर्जनामा केन्द्रित गरी समावेशी परिचालन र बाह्य क्षेत्रको स्थायित्व कायम गरिनेछ।"

उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि उत्पादनका सबै किसिमका स्रोत र साधनको समयबद्ध, गुणस्तरीय एवं लागत प्रभावि आपूर्ति प्रणालीको सुनिश्चितता गरिने नीति लिइएको छ। त्यस्तै, बजारको मागअनुरुपको ज्ञान, सीप, दक्षता र ऊर्जाशील श्रमशक्तिको उत्पादन र परिचालनमा जोड दिइएको छ। अनुसन्धान र विकासमा आधारित नवीनतम प्रविधि तथा व्यवस्थापनका विधिको अवलम्बन गर्ने, मर्यादित, उत्पादनशील एवं समावेशी रोजगारको अवसरको सिर्जना गर्ने विषय पनि संरचनात्मक रुपान्तरणको रणनीतिमा राखिएको छ।

निजी, सरकारी तथा गैरसरकारी क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने नीति लिइने जनाइएको छ। उद्यमशीलतोउन्मुख स्वरोजगारका लागि व्यावसायिक तालिमको उपलब्धतासँगै सुरुआती पुँजी लगानीमा सहयोग गर्ने, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण, ज्ञान, सीप, प्रविधिको उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नेलगायतका विषय अवधारणापत्रमा राखिएका छन्।

सीमान्तकृत वर्ग तथा समुदायको सशक्तीकरण र सकारात्मक विभेदमार्फत समावेशी रोजगार प्रवर्द्धन गर्ने, आप्रवासी कामदारको नियमन गरी आन्तरिक श्रम बजारमा स्वदेशी श्रमिकलाई प्राथमिकता लिइने जनाइएको छ।

मानव पुँजी निर्माण र उत्कृष्ट जनशक्ति योजना पनि रणनीतिमा राखिएको छ। "सरकारका तीनवटै तहमा जनसाङ्ख्यिक लाभको उपयोगमार्फत सीपयुक्त र क्षमतावान् श्रमशक्तिको उत्पादन गरी स्वदेशमै रोजगारी अवसर सिर्जना गरिनेछ", अवधारणापत्रमा भनिएको छ, "वैदेशिक रोजगारका लागि सुरक्षित कार्य वितरणसहित उच्च प्रतिफलयुक्त आय भएका नयाँ गन्तव्य मुलुकको पहिचान र श्रम सम्झौता गर्ने रणनीति बनाइएको छ।"

गुणस्तरीय, समन्यायिक एवं जीवन उपयोगी शिक्षाको नीति लिइने सोह्रौं आवधिक योजनाको अवधारणापत्रमा उल्लेख छ। "सबै तहका शिक्षामा डिजिटल प्रविधि, प्रयोगशाला र बहुविधायुक्त पुस्तकालयको प्रयोगको नीति लिइनेछ। माध्यमिक शिक्षालाई बृत्ति विकास र उच्च शिक्षालाई उद्यम तथा रोजगार केन्द्रित बनाउनेछ भने पढ्दै, कमाउँदै र कमाउँदै पढ्दै अवधारणाको प्रभावकारी कार्यान्वयन गरिनेछ।" अवधारणापत्रमा भनिएको छ। विपन्न र जेहेन्दार विद्यार्थी लक्षित छात्रबृत्तिको अनिवार्य र एकद्वार प्रणालीमार्फत् समन्यायिक वितरणमा नयाँ आवधिक योजनाले जोड दिएको छ। विद्यार्थीको शारीरिक, मानसिक र बौद्धिक विकासमा योगदान पुऱ्याउन योग, ध्यान र सकारात्मक सोचमा आधारित शिक्षा प्रणाली लागू गर्ने, नैतिक शिक्षाको प्रवर्द्धन, युवा प्रतिभालाई स्वदेशमा काम गर्न प्रोत्साहनलगायतका नीति लिइएको छन्।

गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य प्रणाली निर्माणको विषयलाई पनि नयाँ आवधिक योजनाको रणनीतिमा राखिएको छ। क्यान्सर तथा अङ्ग प्रत्यारोपणजस्ता विशिष्ट स्वास्थ्योपचार पाउनको लागि विदेश जानुपर्ने बाध्यताको अन्त्य गर्ने गरी स्वास्थ्य प्रणालीको सुदृढीकरण गर्ने नीति लिइएको छ। त्यस्तै, स्वास्थ्य क्षेत्रलाई प्राज्ञिक ज्ञान र सेवामूलक केन्द्रको रूपी पमा विकास गर्ने, आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवालाई निःशुल्क, विशिष्टकृत तथा अतिविशिष्टिकृत स्वास्थ्य सेवालाई बीमाको दायरामा ल्याइ सर्वसुलभ बनाउने अवधारणापत्रमा उल्लेख छ।

गुणस्तरीय पूर्वाधार र व्यवस्थित सहरीकरणतर्फ वातावरणमैत्री, दिगो र प्रतिफलयुक्त पूर्वाधारको नीति लिइएको छ। सबैका लागि सहज, भरपर्दो र पहुँचयोग्य पूर्वाधार निर्माण गरी यसलाई आर्थिक समृद्धि र सामाजिक न्यायसँग आबद्ध गरिनुपर्ने आश्यकता औंल्याइएको छ। एकीकृत पूर्वाधार विकासमार्फत व्यवस्थित, आधुनिक तथा सुरक्षित आवास योजना कार्यान्वयन गर्ने, सुकुम्बासी, भूमिहीन र अव्यवस्थित बसोबास तथा अतिक्रमणको अन्त्य गर्ने रणनीति लिन लागिएको छ।

सामाजिक सशक्तीकरण, समावेशीकरण र सामाजिक सुरक्षातर्फ आर्थिक तथा सामाजिकरूपमा पछि परेको वर्ग, समुदाय र लिङ्गको सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। अवाञ्छित तथा अनौपचारिक कारोबारको नियन्त्रणको विषयमा पनि अवधारणापत्रमा राखिएको छ। "प्रतिस्पर्धी बजार र नियमित आपूर्ति शृङ्खलाको प्रवर्द्धन, सबै प्रकारका सिण्डिकेट प्रणाली एवं अवाञ्छित गतिविधिको अन्त्य तथा उत्पादक र उपभोक्ताबीचको तह नियमन गरी सबै प्रकारका आर्थिक क्रियाकलापको औपचारिकीकरण गरिनेछ।" अवधारणापत्रमा भनिएको छ।

सरकारी बजेट विनियोजनमा कुशलता र पुँजीगत खर्चमा अभिवृद्धिको विषय पनि सोह्रौं योजनाको अवधारणापत्रमा राखिएको छ। "उपलब्ध स्रोत र साधनको उत्पादनमूलक क्षेत्रमा परिचालन गरी आवश्यकता र क्षमताका आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा स्रोतको विनियोजन गरिनेछ", अवधारणापत्रमा भनिएको छ, "उपलब्ध वैदेशिक सहायताको ग्रहणशीलता र उपयोग क्षमता अभिवृद्धि, आन्तरिक तथा बाह्य ऋण परिचालनलाई लागत र लाभ विश्लेषणका आधारमा सम्भाव्य आयोजनामा मात्र केन्द्रित गरिनेछ।" आयोजना सुशासनमा जोड दिने र सबै किसिमका पूर्वतयारी सम्पन्न भई आयोजना बैंकमा सूचीकृत भएका आयोजनामा मात्र बजेट विनियोजन गरिने जनाइएको छ।

वातावरण संरक्षण, जैविक विविधता तथा विपद् व्यवस्थापन र दिगो विकासका क्षेत्रमा वातावरणलाई असर नपर्ने वा न्यून असर पर्ने गरी मात्रै विकास निर्माणका काम गरिने उल्लेख छ। परम्परागत तथा पेट्रोलियम इन्धनमा आधारित मेसिन, उपकरण तथा सवारीसाधनलाई स्वच्छ ऊर्जामा रुपान्तरण गरिने नीति नयाँ आवधिक योजनाले लिनेछ।

सुशासन प्रवर्द्धन तथा प्रभावकारी सामाजिक सेवा प्रवाह नयाँ आवधिक योजनाको अर्को महत्वपूर्ण रणनीति हो। "सहज पहुँच र सरल प्रक्रियासहितको प्रविधिमा आधारित सार्वजनिक सेवा प्रवाह, छरितो प्रशासनिक संरचना, उच्च मनोबलसहित काममा अभिप्रेरित कर्मचारीतन्त्रका लागि जोड दिइनेछ", सोह्रौं योजनाको अवधारणापत्रमा भनिएको छ, "भ्रष्टाचार नियन्त्रणका सबै उपायको कार्यान्वयन, प्रशासनिक प्रक्रियाको नियमित व्यवस्थापन परीक्षण र गुनासो शीघ्र सुनुवाइको व्यवस्था गरिनेछ।"

आयोगले नयाँ आवधिक योजनाको दस्तावेज तयार पारेर स्वीकृत गरिसक्नका लागि आगामी माघ मसान्तसम्मको कार्यतालिका बनाएको छ। आयोगले तयार पारेको 'सोह्रौं योजना तर्जुमाको लागि संस्थागत व्यवस्थासम्बन्धी कार्यविधि, २०८०' अनुसार पञ्चवर्षीय आवधिक योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमाका लागि जेठ चौथो हप्ताबाट काम सुरु भएको थियो। आगामी माघ मसान्तसम्ममा आवधिक योजनालाई

बाँकी अन्तिम पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सार्वजनिक जीवन र आर्थिक उपार्जनमा चासो बढाउँदै मुसहर

**गोपालप्रसाद बराल**
महोत्तरी, १९ साउन (रासस)।

दिनहुँ चरन क्षेत्रमा चार/पाँच भैंसी अघिपछि लगाएर चरनमा लैजाँदै/ल्याउँदै भेटिनुहुन्छ भङ्गाहा-४ रामनगरको मुसहरीटोलका ६५ वर्षीय जुगल सदा। दुई दशकअघि पनि सदा यसरी नै भैंसीकै अघिपछि देखिनुहुन्थ्यो। त्यतिखेर गिरहत (मालिक) को भैंसी चराउने जुगलका अहिले चराउन लगिने भैंसी आफ्नै हुन्। बनिबुतो गरेर बसेँनि एक/दुई ससाना पाडी जोड्दै गर्नुभएका जुगलका गोठमा अहिले पाँच भैंसी छन्।

'न राख्ने अन्न, न सञ्चय गर्ने धन' आहानमा उभ्याइने मुसहर अब आफ्नो परिचय फेर्दैछन्। शिक्षा, स्वास्थ्य, राजनीतिक, सामाजिक गतिविधि र अर्थोपार्जनमा पूरै बेखबर रहने मुसहर अब यी क्षेत्रमा चासो बढाउँदै आफ्नो समुदायको पुरानो परिचय फेर्दै गरेका देखिन्छन्।

जुगलकै छिमेकी हेमकुमारी सदाका खोरमा पनि आफ्नै छ/सात बाखा छन्। त्यसै बस्तीकी सुशिला सदाले पनि भैंसी, पाडापाडी गोठमा बढाउँदै लैजानुभएको छ। जन्मदेखि मृत्युसम्म गिरहतको सेवाबाट प्राप्त हुने बनी (पारिश्रमिक) ले चल्ने मुसहरको जीवन अब आफ्नै सञ्चित उपार्जनबाट हुन थालेको छ।

मधेसमा खेतिहर मजदुरी (कृषि कार्यका श्रमिक) मुख्य पेसा मानिने मुसहर 'टाला बोक्ने' (माटो काट्ने, सम्याउने, अग्लो ठाउँको माटो काटेर टाला काँधमा राखेर होचो ठाउँमा भर्न लाने) कामका पोख्त मानिन्थे। समय क्रममा यस्ता कामका लागि यान्त्रिक उपकरण (ट्र्याक्टरसहितका यान्त्रिक उपकरण)को प्रयोग बढेसँगै मुसहरको यो पुर्ख्यौली परिचयको काम घट्दै गयो।

गिरहतको खेतमा हलो जोत्ने, कोदालो खन्ने, ब्याड काढ्ने, धान रोपाइँ गर्ने र काट्ने, थन्क्याउनेसम्मका काममा मुसहर नै खास जनशक्ति रहँदै आएका हुन्। टाला (दुईतिर माटो राखेर बाँसको भाटामा गुथ्याइएको भार) बोकेर काँध फुलेका देखेपछि यी मुसहर भन्ने अड्कल लगाइनु आम कुरा हुन्थ्यो। समयक्रममा मुसहर किशोर र युवा कमाउन विदेशिन थालेपछि यता कृषि जनशक्तिको अभाव तथा मुसहरको कामको क्षेत्र फेरिँदै जीवनचर्यामा आर्जनको धोकोसँगसँगै बढेको भङ्गाहा-१ का बासिन्दा समाजशास्त्री शिवराज दाहाल बताउनुहुन्छ।

धेरैथोरै महोत्तरीका सबै जसो स्थानीय तहमा बसोबास देखिने यो जाति समुदायको बाक्लो बस्ती भङ्गाहा, गौशाला, लोहारपट्टि, बर्दिबास, मनराशिशवा, एकडारा र बलवासहितका स्थानीय तहमा रहेको पाइन्छ। शिक्षा, स्वास्थ्य, सामाजिक गतिविधि, अर्थ सञ्चय र राज्यका अवसरबाट पूरै बेखबर यो समुदायका बूढापाका अझै आफ्नो जन्म नै गिरहतको सेवाका लागि भगवान्ले गराएको ठान्छन्। अब बल्ल नयाँ पुस्ताले परिचय फेर्दै लगेपछि यो जाति समुदाय मानवीय आवश्यकताका क्षेत्रमा चासो बढाउन थालेका दाहालको भनाइ छ।

"अब मुसहर बालबालिका विद्यालय भर्ना हुन थालेका छन्, यद्यपि यिनीहरूको विद्यालय आउजाउ अझै नियमित हुन सकेको छैन, यो गरिबीको पक्षसँग पनि जोडिएको छ", दाहाल भन्नुहुन्छ, "मुसहर बालबालिकाको पठनपाठन टिकाउ बनाउन शैक्षिक सामग्री, पोसाक, खाजाको नियमित प्रबन्ध र अभिभावकलाई उत्प्रेरित गराउने काम सँगसँगै गरिए थप सकारात्मक परिणाम आउँछ।" अहिलेको वयस्क पुस्तामा छोराछोरी पढ्न पठाउनुपर्छ भन्ने चेत चाहिँ मुसहरमा बढ्दै गएको दाहालको ठम्याइ छ।

"शिक्षा जीवनको सबैभन्दा महत्वपूर्ण कुरा हो भन्ने बिस्तारै हाम्रो समुदायले बुझ्दै गएको छ", जिल्लामा मुसहर समुदायबाट स्नातक तह उत्तीर्ण गर्ने केही सङ्ख्याभित्रका बर्दिबास नगरपालिका-१४ मुसहर बस्तीका २५ वर्षीय मञ्जय सदा भन्नुहुन्छ, "आर्थिक, सामाजिक र सांस्कृतिक कारणले पनि हाम्रो समुदाय उक्सिन केही समय लाग्छ, तर अब यो प्रयत्न अघि बढाइन्छ।"

जिल्लामा कूल २७ हजार तीन सय ५२ जनसङ्ख्या (२०७८ को जनगणनाअनुसार) रहेको यो समुदायबाट माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गर्ने १५ भन्दा तलै र स्नातक तह उत्तीर्ण गर्ने त पाँचमुनि रहेका जिल्ला शिक्षा विकास समन्वय एकाइले जनाएको छ। यो सङ्ख्याभित्र छोरी एकजना पनि पर्दैनन्।

पछिल्ला दिनमा यो समुदायभित्र स्वास्थ्य सचेतना र चासो पनि बढेको छ। जिल्लाको लोहारपट्टि नगरपालिका-५ डोठाराको मुसहर बस्तीमा घरघरैजसो चर्पी बनेका छन्। नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको उत्प्रेरणाले यहाँका बालबालिका विद्यालय जाने क्रम बढ्दो छ। यस समुदायका व्यक्तिले विकास अवसरका कुरामा आफ्नो बस्तीको कुरा जनप्रतिनिधिलाई भन्ने, बिरामी हुँदा अस्पताल जाने, सामाजिक छलफलमा सरिक हुने र आफूहरूका लागि विभिन्न अवसरका लागि सम्बद्ध पक्षसँग चासो बढाउन थालेका छन्।

यो जाति अतिरिक्त कमाउने, सञ्चय गर्ने, आफ्नो अधिकार खोज्ने वा कुनै गुनासो गर्नेमा पूरै बेखबर रहने जातिका रूपमा परिचित रहँदै आएको हो। अब यो समुदाय राजनीतिक प्रशिक्षण, सामाजिक सङ्घसंस्थाको लगातारको प्रयत्न र चासोले सार्वजनिक मञ्चमा देखिन थालेका बर्दिबास-१४ का वडाअध्यक्ष विजयकुमार महतो बताउनुहुन्छ। "अब मुसहर बस्तीबाट बाटोघाटो, ढल, खानेपानी र अन्य समस्या लिएर मुसहर समुदायका अगुवा वडा कार्यालयमा बाक्लै आउनुहुन्छ", वडाअध्यक्ष महतो भन्नुहुन्छ, "उहाँहरूका समस्या तत्काल सम्बोधनको प्रयत्न पनि गरिन्छ।"

पछिल्लो चरणमा रेडक्रससहितका विभिन्न सामाजिक सङ्घसंस्थाले नेतृत्व विकास, जीविकोपार्जन र खानेपानी एवम् सरसफाइका लागि यी समुदायलक्षित विशेष तालिम नै सञ्चालन गर्दै आएका छन्। आयआर्जनका विभिन्न सीपका तालिम र प्रारम्भिक चरणमा सीपसम्बन्धी आवश्यक सामग्री सहयोग पाएपछि मुसहर महिलाले काँसका डाली बुन्ने, सानो किराना पसल चलाउने र केही युवाले चनाचटपटे बनाएर बेच्ने गरेका तथा केहीले बाख्रापालन गर्न थालेका छन्।

यो सहयोग सानो भए पनि मुसहरलाई वैकल्पिक रोजगारी खोज्न भने सहयोगी बनेको छ। रेडक्रससहितका संस्थाको सहयोगले अब भने हामी पनि यसै समाजका रहेछौँ भन्ने लाग्न थालेको लोहारपट्टिकै मुसहर समुदायका अगुवा शिव सदा बताउनुहुन्छ।

मालिकको खेतमा काम

*बाँकी अन्तिम पृष्ठमा*

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान वस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, विद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

# विश्व समाचार

## जलवायु मुद्दामा चीन गम्भीर नभएको अमेरिकी आरोप

वासिङ्टन, १९ साउन (रासस/एएनआई)।

अमेरिकाले जलवायु मुद्दामा चीन गम्भीर नभएको आरोप लगाएको छ। आफ्ना राजनीतिक लक्ष्य हासिल गर्न बेइजिङले विश्वलाई बेवास्ता गरेको आक्षेप पनि वासिङ्टन लगाएको छ।

जलवायु परिवर्तनका प्रतिकूल प्रभाव कम गर्ने सन्दर्भमा चिनियाँ अधिकारीहरूसँग वार्ता गर्न हालै बेइजिङ पुग्नुभएका अमेरिकी जलवायु दूत जोन केरीलाई चीनका उपराष्ट्रपति हान झेङले जलवायु परिवर्तनका मुद्दालाई सम्बोधन गर्न चीन तयार रहेका तर त्यसका लागि चीनका राजनीतिक माग पूरा हुनुपर्ने शर्त अघि सार्नुभएको थियो।

पारस्परिक सम्मानमा आधारिकत चीन-अमेरिका सम्बन्धलाई अघि बढाउन बेइजिङ तयार रहेको, जलवायुसम्बन्धी मुद्दामा पनि बहस गर्न प्रतिबद्ध रहेको तर ताइवान मामिला, दक्षिण चीन सागर विवादलगायत विषयमा अमेरिकी हस्तक्षेप अस्वीकार्य हुनेमा उहाँले जोड दिनुभएको सरकारी समाचार समिति सिन्ह्वाले जनाएको छ।

जलवायु परिवर्तनसम्बन्धी विषयलाई लिएर अमेरिका र चीनबीचको मतभेद झन् बढेको छ। तत्कालीन अमेरिकी प्रतिनिधि सभाका सभामुख न्यान्सी पेलोसीले ताइवा भ्रमण गर्दा चिसिएको वासिङ्टनसँगको बेइजिङसँगको सम्बन्ध जलवायु परिवर्तनका असरलाई लिएर झन् बिग्रिएको छ। सन् २०३० सम्ममा कार्बनडाइअक्साइड उत्सर्जन बन्द गर्ने र सन् २०६० सम्ममा कार्बन न्यूट्रल बन्ने लक्ष्य प्राप्तिमा चीन बाधक हुन नहुनेमा अमेरिकाले जोड छ।

अमेरिकाका पूर्व विदेशमन्त्री हेनरी किसिञ्जरसँगको भेटमा पनि चिनियाँ बाह्य मामिला आयोगका निर्देशक तथा पूर्वविदेशमन्त्री चीनका वाङ यीले पनि ताइवान मामिलालाई लिएर त्यहाँ अमेरिगी सहयोग रोकिनुपर्ने तथा राष्ट्रपति साई इंग-वेनको नेतृत्वको ताइवान सरकारसँगको सम्पर्कबाट टाढा रहनुपर्ने शर्त पेश गर्नुभएको थियो। एक स्वतन्त्र नागरिकको रुपमा बेइजिङ भ्रमणमा पुग्नुभएका किसिञ्जरमार्फत अमेरिकालाई बेइजिङले दिएको सन्देश ताइवानको स्वतन्त्र 'अस्तित्व अस्वीकार गर्नुपर्छ'भन्ने थियो।

तत्कालीन राष्ट्रपति डोनाल्ड ट्रम्पको सरकारले अवलम्बन गरेको नीतिलाई नै बाइडेन प्रशासनले पनि निरन्तरता दिएको छ। उत्पादन र उपभोगमा विश्वको अग्रणी राष्ट्र चीनमा कोइलाका नयाँ थर्मल पावर प्लान्ट निर्माण भइरहेका छन्जसले जलवायु परिवर्तनका गम्भीर मुद्दालाई ओझेलमा पारेका छन्।

अन्तरराष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार सन् २००६ देखि कार्बन उत्सर्जनमा अमेरिकालाई उछिनेको चीनले यसमा आफूलाई अझै पनि अग्रपङ्तिमा कायम राखेको छभने अमेरिकाको कार्बन उत्सर्जमा केही कमी आएको छ। चीन विश्वको सबैभन्दा अधिक कार्बनडाइअक्साइड उत्सर्जन गर्ने देश बनेको छ।

## पाकिस्तान : ओकारा नजिकै डुङ्गा पल्टिँदा ७ जनाको मृत्यु

इस्लामाबाद, १९ साउन, (रासस-एएनआई)।

पाकिस्तानको सतलज नदीमा थाली जमाल ओकारा नजिकै डुङ्गा पल्टिँदा महिला र बालबालिकासहित सात जनाको मृत्यु भएको छ। एआरवाई न्यूजले स्रोतलाई उद्धृत गर्दै सो बारे जानकारी दिएको छ। स्रोतका अनुसार डुङ्गा अत्यधिक भारका कारण पल्टिएको हो। डुङ्गामा ५० भन्दा बढी मानिस सवार थिए।

नदीबाट सात जनाको शव निकालियो भने धेरै यात्रुले ज्यान जोगाउन सफल भएका थिए पञ्जाबका कार्यवाहक मुख्यमन्त्री मोहसिन नक्वीले सम्बन्धित अधिकारीहरूलाई उद्धार कार्यलाई तीव्रता दिन निर्देशन दिएका छन्। यसअघि उमरकोट जिल्लाको धोरो नारो नजिक कलंकर तालमा डुङ्गा पल्टिँदा कम्तीमा छ जनाको मृत्यु भएको एआरवाई न्युजले जनाएको छ।

यसैगरी सेहर फकिर दरबारमा श्रद्धाञ्जलि अर्पण गर्न दश जना चढेको डुङ्गा पल्टिँदा छ जनाको डुबेर मृत्यु भएको हो। घटनास्थलमा प्रहरी र उद्धार टोलीले पोखरीबाट तीन बालबालिकाको शव निकालेको छ। अन्धकारका कारण उक्त क्षेत्रमा उद्धार कार्य रोकिएको र बेपत्ता भएका तीन जनाको खोजीका लागि बिहान पुनः शुरु गरिने एआरवाई न्युजले जनाएको छ।

## कम्बोडियामा ७९० किलो लागुऔषध बरामद, ६ विदेशी पक्राउ

नोम पेन्ह, १९ साउन, (राससस्-सिन्ह्वा)।

कम्बोडियाको लागुऔषध विरोधी प्रहरीले अवैध लागुऔषध ओसारपसार गरेको आरोपमा छ जना विदेशीलाई पक्राउ गरेको छ। उनीहरूबाट करिब ७९० केजी केटामाइन बरामद समेत गरेको छ। लागुऔषध विरोधी विभाग (एडीपी) ले शुक्रबार एक विज्ञप्तिमार्फत सो बारे जनाकारी दिएको छ।

संदिग्धहरू २६ देखि ४६ वर्ष उमेर समूहका पुरुषहरू रहेको बताइएको छ। चार महिनाको अनुसन्धानपछि तटीय शहर सिहानोकभिल र राजधानी नोम पेन्हमा छापा मार्दा मङ्गलबार ती व्यक्तिहरू पक्राउ परेका हुन्। छापा मार्दा संदिग्धहरूबाट कूल ७८९.७८ किलोग्राम केटामाइन बरामद गरिएको छ। साथै चारवटा कार, दुईवटा मोटरसाइकल, सातवटा टेलिफोन र आठ वटा बैंक खातासमेत जफत गरिएको एडीपीले जनाएको छ।

दक्षिणपूर्वी एसियाली देशमा लागुऔषध तस्करलाई मृत्युदण्डको सजाय छैन। कानून अनुसार ८० ग्राम भन्दाबढी अवैध लागुऔषध ओसारपसारमा दोषी पाइएमा आजीवन जेल सजाय हुन सक्छ। एडीपीका अनुसार कम्बोडियाले २०२३ को जनवरी-जुलाई अवधिमा २ सय १५ विदेशीसहित १० हजार १६७ लागुऔषध सम्बन्धी संदिग्धलाई पक्राउ गरेको छ र ९.७९ केजीभन्दा बढी लागुऔषध बरामद गरेको छ।बरामद गरिएका लागुऔषधमध्ये अधिकांश हेरोइन, एक्स्टेसी, केटामाइन, कोकिन, क्रिस्टल मेथाम्फेटामाइन, मेथाम्फेटामाइन चक्की र क्याथिनोन रहेका छन्।

# सङ्घीय शिक्षा ऐन ल्याउने तयारी हुँदैछ : मन्त्री शर्मा

काठमाडौँ, १९ साउन (रासस)।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले २०२८ सालको शिक्षा ऐनलाई विस्थापित गरी जतिसक्दो चाँडो सङ्घीय शिक्षा ऐन ल्याउने तयारी भइरहेको बताउनुभएको छ।

निजी तथा आवासीय विद्यालय अर्गनाइएजेसन, नेपाल (प्याब्सन) काठमाडौँ जिल्ला शाखाद्वारा आयोजित 'एसइई (२०७९) सम्मान कार्यक्रम-२०८०'लाई सम्बोधन गर्दै उहाँले सङ्घीय शिक्षा ऐन अहिले मन्त्रिपरिषद्बाट पास भएर संसद्मा दर्ता हुने प्रक्रियमा रहेको जानकारी दिनुभयो।

“हाम्रो शिक्षा ऐन परिवर्तन गर्न नसकेर लामो समय गुज्रिएको थियो र २०२८ सालको शिक्षा ऐनबाट २०८० सालका विद्यार्थीलाई पढाउनुपर्ने यो अवस्था बनेको थियो, अब त्यसको अन्त्य हुँदैछ, २०२८ सालको शिक्षा ऐन परिवर्तन गर्नुपर्ने थियो र त्यो परिवर्तन हुँदैछ, शिक्षा ऐन आउनु नै ठूलो कुरा हो”, सरकारका प्रवक्ता शर्माले भन्नुभयो।

मन्त्री शर्माले नेपालको संविधानले शिक्षा र स्वास्थ्यलाई मौलिक हकका रूपमा स्थापित गरेको बताउनुभयो। उहाँले भन्नुभयो, “हामीले समाजवादमा जाने पनि भनेका छौँ, समाजवाद हाम्रो लक्ष्य भनेका छौँ, त्यो भनेको शिक्षा र स्वास्थ्य निश्चित रूपमा मौलिक हकका रूपमा सुनिश्चित हुनुपर्छ भन्ने नै हो र यो निःशुल्क हुनुपर्छ भन्ने हो।”

संविधानले १२ कक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था गरेको उहाँको भनाइ थियो। “निजी क्षेत्रको योगदान आफैँमा महत्वपूर्ण छ, त्यो भन्दाभन्दै पनि सबै विद्यार्थीको पढाइ लेखाइलगायत सम्पूर्ण कुरा सामुदायिक विद्यालयले मात्रै भूमिका निर्वाह गर्न सकिरहेको अवस्था थियो, यो सन्दर्भमा निजी विद्यालयले अत्यन्त महत्वपूर्ण योगदान गरेका छन्”, उहाँले भन्नुभयो।

थुप्रै राजनीतिक परिवर्तनपछि देश यहाँसम्म आए पनि देशप्रतिको माया, आफ्नो माटोप्रतिको माया, संस्कार, आफ्नो पहिचानप्रतिको माया बिस्तारै कम हुँदै गएको जस्तो भान भइरहेको उहाँले बताउनुभयो। “कक्षा १२ पास हुन पाएको छैन, १२ कक्षा पास हुन पाउँदा नपाउँदै विदेश जाने जुन लर्को देखिन्छ, बाहिर पढाउने जुन मनोविज्ञान देखिन्छ, त्यसले गर्दा हाम्रो उच्च शिक्षालाई थप गुणस्तरी बनाउनुपर्ने चुनौती छ, पढाइमा उत्कृष्ट हुने तर व्यवहारमा नहुने भन्ने चिन्ता पनि उत्तिकै छ”, उहाँले भन्नुभयो।

प्याब्सनका अध्यक्ष प्रेमकुमार राईले राज्यले सीपमूलक शिक्षाको वकालत गर्दै आएको भए पनि सीपमूलक शिक्षा दिने कुरामा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत सबै विद्यार्थीलाई समान रुपले अवसर दिइनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा एसइई परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थी तथा सदस्य विद्यालयहरूलाई सम्मान गरिएको थियो।

### *सार्वजनिक जीवन ...*

गरेबापत पाएको बनीले दुई छाक कसैगरी टार्नेबाहेक अरू ध्यान नभएका मुसहर अब भने नानीहरूको शिक्षा, बिरामी हुँदा अस्पताल जाने कुरा र के व्यवसाय गर्दा राम्रो होला भनेर सोच्न तथा आपसमा सल्लाह गर्न थालेका छन्। अब धेरैजसो मुसहर साबुनपानीले हात धुन थालेका छन्। पछिल्लो समयमा मुसहरहरूले आफ्नो बस्तीको विकास र सम्भावनाबारेसमेत चासो बढाउन थालेका लोहारपट्टि-६ का सामाजिक, राजनीतिक कार्यकर्ता चन्देश्वर मण्डल बताउनुहुन्छ।

सामाजिक सङ्घसंस्था, राजनीतिक दल, स्थानीय तह र अन्य सम्बद्ध तह निकायले थालेका निरन्तरको प्रयत्नले बिस्तारै मुसहर समुदायका बालबालिकाको विद्यालय भर्ना बढेको शिक्षा विकास समन्वय एकाइले जनाएको छ।

### *यस्तो छ सोहौं ...*

मन्त्रिपरिषद्बाट स्वीकृत गरिसक्ने गरी समयतालिका बनाइएको छ। नयाँ आवधिक योजना आउँदो आर्थिक वर्षबाट कार्यान्वयनमा आउने भएकाले यो आवलाई आधार वर्षका रूपमा लिइएको छ।

विसं २०८१ साउनबाट कार्यान्वयनमा आउने १६ औँ आवधिक योजना तयार पार्दा नेपालको संविधान, राष्ट्रिय तथा क्षेत्रगत नीति, पन्ध्रौँ योजना र त्यसको समीक्षा, अल्पविकसित मुलुकबाट स्तरोन्नति हुनका लागि तयार पारिएको रणनीति (एलडिसी ग्रायुएसन स्ट्राटेजी), दिगो विकास लक्ष्य प्राप्ति, मध्यमकालीन खर्च संरचना आदिलाई ध्यानमा राखिने आयोगले जनाएको छ।

# सिटीइभीटी र आयोगको विवादका कारण अन्तिम समयमा परीक्षा स्थगित

भक्तपुर, १९ साउन (रासस)।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभीटी) ले विभिन्न विषयको लागि शनिबारदेखि सञ्चालन गर्न लागेको प्रवेश परीक्षा अन्तिम समयमा आएर शुक्रबार स्थगित गरेको छ।

सिटिइभीटीले शनिबार र बुधबारलाई निर्धारण गरेको विभिन्न विषयको प्रवेश परीक्षा आज सूचना जारी गरी स्थगित गरेको सिटिइभिटीका परीक्षा नियन्त्रक प्रमोदभक्त आचार्यले राससलाई जानकारी दिनुभयो।

चिकित्सा शिक्षा आयोग र सिटिइभिटीबीच चिकित्सा शिक्षा ऐन कार्यान्वयनको विषयमा विवाद बढेपछि सिटिइभीटीले परीक्षा स्थगित गरी उक्त परीक्षा आगामी भदौ २ र ६ गते परीक्षा सञ्चालन गर्ने भएको हो। आयोगका उपाध्यक्ष श्रीकृष्ण गिरी र सिटिइभीटीका उपाध्यक्ष खगेन्द्रप्रसाद अधिकारीको उपस्थितिमा सिटिइभीटीको प्रवेश परीक्षा सञ्चालनका विषयमा छलफल गर्न शिक्षा मन्त्रालयमा बुधबार र बिहीबार बैठक बसेको थियो।

उक्त बैठकमा शिक्षामन्त्री अशोककुमार राई र शिक्षा सचिव सुरेश अधिकारीले दुई संस्थाबीच आपसमा समन्वय गरेर अघि बढ्न निर्देशन दिएपछि सोही अनुरुप आगामी १५ दिनभित्र सहमति एवं समन्वय गरेर सञ्चालन गर्ने गरी हाललाई परीक्षा स्थगित गरेको बताइएको छ।

सिटिइभीटीले विगतका वर्षमा जस्तै प्रमाणपत्र तहका नर्सिङ, फार्मेसी, ल्याब असिष्टेण्ड, डेन्टल हाइजेनिष्टलगायत स्वास्थ्यसँग सम्बन्धित विभिन्न विषयको अध्ययन गर्ने संस्थालाई सम्बन्धन दिने, सिट निर्धारण गर्ने, भर्ना आह्वान गर्ने, परीक्षा सञ्चालन गर्ने, परीक्षाफल सार्वजनिक गर्ने लगायतका कार्य गर्दै आएको छ।

आयोगले भने चिकित्सा शिक्षा ऐन विपरीत मेडिकल शिक्षा पठनपाठन गराउने शिक्षण संस्थालाई सम्बन्धन दिने, सिट निर्धारण गर्ने भर्ना आह्वान गर्ने, चिकित्सा शिक्षाको नियमन गर्ने अधिकार आयोगको मात्रै रहेको जनाउँदै आएको छ। सीटीइभीटीले आयोगसँग समन्वय नगरी ऐन विपरित सम्बन्धन दिने, भर्ना आह्वान गर्ने, सिट निर्धारण गर्ने, शुल्क निर्धारण गरेको भन्दै आयोगले असहमति जनाएपछि दुई संस्थाबीच विवाद चर्किंदै आएको थियो।

सिटिइभीटीले आफ्नो संस्थाअन्तर्गत रहेका ४९ प्राविधिक कलेज र गतवर्ष आयोगले सिट निर्धारण गरेका एक सय ४९ कलेजमा यस वर्ष भर्ना आह्वान गर्दै सूचना सार्वजनिक गरेपछि आयोगले ऐन विपरीत गरेको भन्दै आपत्ति जनाएको थियो।

# त्रिविले स्नातक तहको प्रश्नपत्र अग्रेजी र नेपाली दुवैमा सोध्ने तयारी

काठमाडौँ, १९ साउन (रासस)।

त्रिभुवन विश्वविद्यालयले स्नातक तहको प्रश्नपत्र अंग्रेजी र नेपाली दुवै भाषामा सोध्ने गरी तयारी गरेको छ।

परीक्षामा प्रश्नपत्र अंग्रेजी माध्यममा सोधिने र अधिकांश क्याम्पसमा नेपाली माध्यमबाट पढाइ हुने हुँदा विद्यार्थीलाई सहज नभएको आवाज उठेपछि विश्वविद्यालयले सोको तयारी गरेको उपकुलपति डा धर्मकान्त बाँसकोटाले बताउनुभयो।

‘‘उक्त तहमा आगामी शैक्षिकसत्रदेखि दुवै भाषामा प्रश्नपत्र बनाउने गर्ने सोच बनाएका छौँ, यसबारे अध्ययन गरिरहेका छौँ तर नेपालीका साथै मातृभाषामा पनि प्रश्न सोध्नुपर्छभन्ने सवाल आएमा कसरी समाधान गर्ने भन्ने हाम्रो सरोकारको विषय बन्नेछ”, उपकुलपति डा बाँस्कोटाले प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आजको बैठकमा सांसद्को प्रश्नको जवाफ दिँदै भन्नुभयो, ‘‘अन्तर्राष्ट्रिय मान्यताअनुसार अङ्ग्रेजी भाषामा प्रश्न बनाउननै पर्ने हुन्छ, त्यसमा नेपाली भाषा थप्न सकिन्छ तर हरेक मातृभाषा पिच्छे प्रश्न सोध्न सकिँदैन।” मुलुकका एक सय २३ मातृभाषा बोलिन्छन्।

हाल तीन लाख ४७ हजार दुई सय ६९ विद्यार्थी रहेको मुलुकको ठूलो उक्त विश्वविद्यालयमा एक हजार एक सय २४ सम्बन्धनप्राप्त र ६२ आङ्गिक क्याम्पस छन्।

# गौर हत्याकाण्ड पीडित संघर्ष समितिलाई वार्तामा आउन प्रधानमन्त्रीको आग्रह

काठमाडौँ, १९ साउन (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले गौर हत्याकाण्ड पीडित संघर्ष समितिलाई वार्ताका लागि बोलाउनुभएको छ। प्रधानमन्त्री दाहालले गौर हत्याकाण्डका दोषीलाई कारबाही गर्न माग गर्दै अनसनरत समितिका संयोजक रुपसागर देवी उपाध्यायलाई आन्दोलनको कार्यक्रम फिर्ता गरेर वार्तामा आउन आग्रह गर्नुभएको हो।

वार्ताका लागि शनिबारको समय तय गरिएको प्रधानमन्त्रीको नीजि सचिवालयले जानकारी दिएको छ। सचिवालयले भनेको छ, “संयोजक रुपसागर देवी उपाध्यायलाई वार्ताका लागि आग्रहपत्र पठाएको छ। आग्रह पत्रमा संघर्ष समितिको आन्दोलनबारे सरकारको ध्यानआर्काषण भएको छ।” पीडितको मागबारे वार्ता सम्वादका माध्यमबाट तत्काल समाधान गर्न आग्रह गरिएको हो।

# ज्ञानेन्द्र मल्लद्वारा अन्तर्राष्ट्रिय खेल जीवनबाट सन्यास

काठमाडौँ, १९ साउन (रासस)।

राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिनुभएको छ।

सन् २००६ को एकदिवसीय खेलबाट डेब्यु गर्नुभएका उहाँले शुक्रबार यहाँ पत्रकार सम्मेलन गरी अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताबाट आफूले सन्न्यास लिएको घोषणा गर्नुभएको हो। उहाँले यससँगै घरेलु प्रतियोगितामा पनि नखेल्ने बताउनुभएको छ।

पूर्वकप्तान मल्लले राष्ट्रिय टोलीमा आफूले शतप्रतिशत दिन नसकेकाले टिमबाट राजीनामा दिने निर्णय गरेको बताउनुभयो। उहाँले क्रिकेट नखेले पनि आगामी दिनमा क्रिकेट क्षेत्रमै रहेर काम गर्न इच्छुक भएको उल्लेख गर्नुभयो। करिब १८ वर्षसम्म चन्द्रसूर्य अङ्कित जर्सी लगाएर देशको प्रतिनिधित्व गर्ने अवसर पाएकोमा मल्लले खुसी व्यक्त गर्दै आफ्ना परिवार र समर्थकलाई धन्यवाद दिनुभयो।

मल्लले विसं २०७६ कात्तिकदेखि कप्तानीको भूमिका निर्वाह गर्नुभएको थियो। उहाँलाई नेपाल क्रिकेट संघ (क्यान) ले २०७८ मङ्सिर २९ मा कप्तानी पदबाट हटाएको थियो। कप्तानबाट हटेको करिब दुई वर्षसम्म उहाँले राष्ट्रिय टिमबाट खेल्नुभयो। पछिल्लोपटक सन् २०२३ को जुलाईमा जिम्बाबेमा भएको आइसिसी एकिदवसीय विश्वकप छनोटअन्तर्गत आयरल्यान्डविरुद्धको खेल उहाँको खेल जीवनको अन्तिम खेल बन्यो।


**डा. कालीप्रसाद यादव**

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*